# क्व्होलासोथार गाउँपालिकाको आर्थिक ऐन

गाउँसभाबाट स्वीकृत २०७९/०३/१०

आ.व. २०७९/०८०

क्व्होलासोथार गाउँपालिका

मालिङ, लमजुङ

# आर्थिक ऐन २०७९

**क्व्होलासोथार गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः** क्व्होलासोथार गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम क्व्होलासोथार गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।
 (२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि क्व्होलासोथार गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्र भित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। एकिकृत सम्पत्ति करको सवै प्रकृया पूरा नहुँदा सम्म साविककै मालपोत कर र घरधुरी कर लिइनेछ । एकिकृत सम्पत्ति कर सम्वन्धि अन्तिम निर्णय कार्यपालिका बैठकले गर्नेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन करः** गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ, तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरन्जन करः** गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सिफारिस दस्तुरः** गाउँपालिकाले गर्ने विविध सिफारिसमा अनुसुचि (९) वमोजिम शुल्क लगाइने र असूल उपर गरिने छ ।

११. **पर्यटन शुल्कः** गाउँपालिका भित्र कार्यरत पर्यटन व्यवस्थापन समितिलाइ अनुसुचि (१०) वमोजिम शुल्क लगाइने र असूल उपर गरिने छ ।

१२. **ढुङ्गा गिटी वालुवा करः**गाउँपालिका भित्र रहेका घाट तथा वगरहरुवाट उत्खनन, संकलन गरिने ढुङ्गा गिटी वालुवाको कर संघ र प्रदेशको मापदण्ड अनुसार प्रारम्भिक वातावरणीय अध्ययन गरी कार्यविधि वनाइ लगाइने र असुल उपर गरिने छ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१५. कर तथा अन्य शुल्क सम्बन्धी संशोधन गाउँ सभाले गर्न सक्नेछ ।

## आ.व. २०७९/०८० का लागि प्रस्ताव गरिएका करका दर तथा दायराहरु

### अनुसूची १ सम्पति कर

| क्र.सं. | करको आधार | दर | कैफियत |
|---|---|---|---|
| १ | आर.सि.सि. पक्की घर | १००० | |
| २ | ढुंगा/टिनको छाना भएको घर | ३०० | |
| ३ | सामान्य घर | १०० | |

### अनुसूची १(क) मालपोत कर

| क्र.सं. | करको आधार | दर | कैफियत |
|---|---|---|---|
| १ | ३ रोपनी सम्मको जग्गाको स्वामित्व | ५० | |
| २ | ३ देखि ५ रोपनी सम्मको जग्गाको स्वामित्व | १०० | |
| ३ | ५ रोपनी भन्दा बढी जग्गाको स्वामित्व | ५ रोपनी सम्म १०० सो भन्दा माथि प्रति रोपनी रु १२ | |

### अनुसूची २ घर जग्गा बहाल कर

गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा १० प्रतिशतका दरले घर जग्गा बहाल कर लगाइनेछ ।

## अनुसूची ३ व्यवसाय कर

| क्र.सं. | करको आधार | दर | कैफियत |
|---|---|---|---|
| १ | १ देखि २ लाख सम्म लगानी भएका किराना पसल | ६००।०० | १००० दर्ता शुल्क |
| २ | २ भन्दा माथी ५ लाख सम्म लगानी भएका किराना पसल | १०००।०० | १००० दर्ता शुल्क |
| ३ | ५ लाख भन्दा माथी लगानी भएका किराना पसल | १५००।०० | १००० दर्ता शुल्क |
| ४ | पशुपालन फाराम/भेडीगोठ | २०००।०० | १००० दर्ता शुल्क |
| ५ | अलैचीं तथा कफि सामूदायिक | ५०००।०० | १००० दर्ता शुल्क |
| ६ | अलैचीं तथा कफि व्यक्तिगत | १०००।०० | १००० दर्ता शुल्क |
| ७ | अलैचीं तथा कफि खरिद विक्री | प्रति के.जि. १० व्यापारी | |
| ८ | होमस्टे | १००० ।०० प्रति घर | १००० दर्ता शुल्क |
| ९ | राइस मिल।कूटानी मिल | १०००।०० | १००० दर्ता शुल्क |
| १० | व्यवसायिक रिसोर्ट | २५०००।०० | ५००० दर्ता शुल्क |
| ११ | फर्निचर | ५०००।०० | १००० दर्ता शुल्क |
| १२ | सहकारी | खुद नाफाको ३ प्रतिशत | |
| १३ | गाउँपालिका भित्र फर्म सुचिकृत गर्न | २०००।०० | प्रति संस्था/फर्म |
| १४ | सामुहिक होमस्टे | १५००।०० | १०१०० दर्ता शुल्क |
| १५ | ढुङ्गा कटिङ उद्योग | १५००।०० | १००० दर्ता शुल्क |

| होटल, रेष्टुरेण्ट तथा लज | |
|---|---|
| क श्रेणीलाई | रु. ५०००/- |
| ख श्रेणीलाई | रु. ३०००/- |
| ग श्रेणीलाई | रु. २०००/- |
| घ श्रेणीलाई | रु. १२००/- |
| ङ श्रेणीलाई | रु. १०००/- |
| वर्गीकरण | |

| | |
|---|---|
| उच्चकोटीको खाना र बस्ने प्रबन्ध तथा अन्य सुविधा भएकोलाई क श्रेणी | |
| लज र रेष्टुण्ट दुबै भएको र उच्चकोटीको रेष्टुरेण्टलाई ख श्रेणी | |
| लज र खाना खुवाउनेलाई ग श्रेणी (७ बेड माथी लजीङ व्यवस्था) | |
| खाना खुवाउने सामान्य व्यवस्था भएको होटेललाई घ श्रेणी | |
| सामान्य रेष्टुरेण्ट मात्र भएकोलाई ङ श्रेणी | |
| चिया, कफि, चटपट तथा सामान्य नास्ता पसल | रु. १५००/- |
| पुल हाउस तथा स्नुकर हाउस | रु. २५००/- |
| **मासु तथा माछा पसल** | |
| खसी | रु. १०००/- |
| राँगा | रु. १०००/- |
| कुखुरा | रु. १०००/- |
| खसी(बाख्रा समेत), रागाँ, कुखुरा तिन मध्ये कुनै दुइ प्रकारका मासु पाइने | १२००/- |
| खसी(बाख्रा समेत), रागाँ, कुखुरा उल्लेखित सबै प्रकारका मासु पाइने | १५००/- |
| **फलफूल तथा तरकारी पसल** | |
| तरकारी तथा फलफूलको थोक विक्रेतालाई | रु. १०००/- |
| तरकारी तथा फलफूलको खुद्रा विक्रेतालाई | रु. ५००/- |
| **स्वास्थ्य क्षेत्र तर्फ** | |
| **औषधी पसल** | |
| औषधी विक्रेतालाई (क्लीनिक सहित) | रु. ३०००/- |
| औषधी विक्रेतालाई | रु. २०००/- |
| **निर्माण व्यावसायी** | |
| निर्माण व्यावसायीको वर्ग | नविकरण शुल्क |
| घ वर्गलाई | रु. ३५००/- |
| **वित्तीय सेवा तर्फ** | |
| क वर्गका वाणिज्य बैंकलाई | रु. ८०००/- |
| ख वर्गका विकास बैंकलाई | रु. ६०००/- |
| ग वर्गका वित्तीय संस्थालाई | रु. ४०००/- |
| बीमा कम्पनी | रु. ४०००/- |

| | |
|---|---|
| सहकारी संस्थाहरु | रु. ४०००/- |
| **मादक पदार्थ तथा अन्य पेय पदार्थको खुद्रा विक्री वितरण** | |
| क श्रेणीलाई | रु. ५०००/- |
| ख श्रेणीलाई | रु. ३०००/- |
| बर्गीकरण | |
| क श्रेणी : रक्सी, वियर, कोल्ड ड्रिङ्कस्, मिनरल वाटरको खुद्रा विक्रेता | |
| ख श्रेणी : कोल्ड ड्रिङ्कस्, मिनरल वाटरको खुद्रा विक्रेता | |
| **गैर सरकारी संस्था** | |
| अन्तरार्ष्ट्रिय (सिफारिस प्रयोजन) | रु. २०००/- |
| राष्ट्रिय (सिफारिस प्रयोजन) | रु. १५००/- |
| गाउँपालिकाको अनुमति/सहकार्यमा गाउँपालिकाको सम्पूर्ण कार्यक्षेत्र भित्र कार्यक्रम लागु गर्ने संस्थालाई कर छुट हुने । | |
| स्थानीय गैर सरकारी संस्था | |
| १० लाख माथीको कार्यक्रम भएका | रु. ५०००/- |
| १० लाख मुनीको कार्यक्रम भएका | रु. ३०००/- |
| १ लाख सम्मको कार्यक्रम भएका | रु. ५००/- |
| धार्मिक सामाजिक उद्देश्यले स्थापना भएका तर कारोबार नभएका | छुट |
| **कन्सल्टेन्सी सेवा** | |
| कन्सल्टेन्सी, इन्जिनियरिङ्ग तथा प्राविधिक सेवा | रु. १००००/- |
| **फर्निचर उद्योग** | |
| स्टिल, काठ दुवै फर्निचर विक्रि वितरण गर्ने | रु. ३,०००/- |
| स्टिल फर्निचर खुद्रा विक्रि गर्ने | रु. २०००/- |
| काठको फर्निचर खुद्रा विक्रि गर्ने | रु. १५००/- |
| **जडीबुटी तथा काठ** | |
| जडीबुटी प्रसोधन व्यवसाय | रु. ३०००/- |
| जडीबुटी विक्री वितरण | रु. २०००/- |
| काठ निकासी प्रति ट्रिप | रु.३००/- |
| जडीबुटी निकासी ट्रिप | रु.३००/- |

| पटके व्यवसाय कर | | |
|---|---|---|
| बहाल बिटौरी वा व्यवसाय करको सूचीमा परेका करदाता बाहेक गाउँपालिका क्षेत्रभित्र वा बजारबाट सवारी साधन वा मानिस आफैले पोका वा झोलामा सामान राखी गाउँपालिका क्षेत्रभित्र घुमाएर बिक्री गर्नेहरुका लागि निम्न अनुसार कर लिने। | | |
| १ | फेन्सी र खुद्रा सामान गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि प्रति दिन | ५००।०० |
| २ | खाद्यान्न सामान/तरकारी/फलफुल गाडिद्वारा बेच्ने गरुका लागि प्रति दिन | ३००।०० |
| ३ | पोका वा झोलामा सामान राखी मोटरसाइकल | ५०।०० |
| ४ | मानिस आफैले बेच्ने प्रति दिन | १०।०० |
| ५ | राँगा, भैसी, बँगुर प्रति गोटा | १०।०० |
| ६ | खसी बोका प्रति गोटा | ५।०० |
| ६ | हासँ, कुखुरा र अन्य पक्षीं प्रति गोटा | २।०० |
| **नोट** | डोका र डालामा तरकारी तथा फलफुल राखी बजारमा घुमाएर बेच्ने किसानहरुको हकमा पटके व्यवसाय कर लगाइने छैन। | |

## अनुसूची ४ सवारी साधन कर

प्रदेश सरकारको कानून बमोजिम हुने ।

## अनुसूची ५ विज्ञापन कर

| | |
|---|---|
| होर्डिङ्ग वोर्ड प्रति स्क्वाएर फिट | रु.२।- |
| ठूलो साइन बोर्ड विद्युतिय – प्रति स्क्वाएर फिट | रु.५।- |
| स्क्रिन बोर्ड प्रति स्क्वाएर फिट | रु.३।- |
| फिल्मी ब्यानर पोष्टर | रु.५।- |
| व्यवसायिक व्यानर प्रति स्क्वाएर फिट | रु.५।- |
| भित्ते लेखन प्रति स्क्वाएर फिट | रु.५।- |
| मार्केटिङ्ग दैनिक | रु.१।- |
| मादक पदार्थ, चुरोट आदीको प्रचारमा दैनिक | रु.२।- |
| फ्लेक्स बोर्ड प्रति स्क्वाएर फिट | रु.२।- |

| अनुसूची ६ मनोरन्जन कर | | | |
|---|---|---|---|
| क्र.सं. | करको आधार | दर | कैफियत |
| १ | महोत्सव तथा सांकृतिक कार्यक्रम | ५०००।०० | |

| अनुसूची ७ वहाल विटौरी शुल्क<br>गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाले निर्माण गरेका भवन वा सार्वजनिक जग्गामा घर वा सटर बनाइ आवास प्रयोजन तथा व्यवसाय प्रयोजनको लागि प्रयोग गरेमा तपसिल बमोजिम शुल्क लाग्नेछ । | | | |
|---|---|---|---|
| क्र.सं. | करको आधार | दर | कैफियत |
| १ | आवास प्रयोजन | १५००।०० | प्रति घर |
| २ | आवास र कृषि प्रयोजन | ५०००।०० | १ रोपनी भन्दा माथी |
| ३ | व्यवसाय प्रयोजन | ७०००।०० | प्रति घर बार्षिक |

**अनुसूची ८ पार्किङ् शुल्क**

गाउँपालिका क्षेत्रमा गाउँपालिकाले पार्किङ् स्थल तथा बस/जीप पार्क निर्माण/ व्यवस्थापन गरी सवारी साधन पार्किङ्क शुल्क लगाउनेछ ।

| क्र.स | विवरण | पार्किङ शुल्क | कैफियत |
|---|---|---|---|
| 1 | बस तथा ठुला सवारी साधन | 30 | |
| 2 | जिप (हलुका सवारी साधन) | 20 | |
| 3 | मोटरसाइकल, स्कुटर तथा अन्य | 10 | |

# अनुसूची ९ सिफारिस दस्तुर

| क्र.सं. | सिफारिसका प्रकार | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | | |
| २ | नागरिकताको प्रतिलिपी सिफारिस | ७००।०० | |
| ३ | नाता प्रमाणित नेपाली | ५००।०० | |
| ४ | नाता प्रमाणित अङ्ग्रेजी | १५००।०० | |
| ५ | सिफारिस अन्य अङ्ग्रेजी | ५००।०० | |
| ६ | पारिवारिक विवरण ब्रिटिस सेना | १५००।०० | |
| ७ | पारिवारिक विवरण भारतिय सेना | १५००।०० | |
| ८ | पारिवारिक विवरण नेपाली कर्मचारी | ५००।०० | |
| ९ | जन्म दर्ता | घटना दर्ता ऐन, २०३३ तथा सम्वन्धित कानुन बमोजिम | |
| १० | विवाह दर्ता | | |
| ११ | मृत्यु दर्ता | | |
| १२ | वसाइ सराइ | | |
| १३ | सम्वन्ध विच्छेद | | |
| १४ | व्यक्तिगत घटना प्रमाणपत्र प्रतिलिपी | | |
| १५ | जग्गा नामसारी सिफारिस | १०००।०० | |
| १६ | सम्पत्ती मूल्याङ्कन | विगोको ०.०५ प्रतिशत | |
| १७ | चारित्रिक प्रमाणपत्र सिफारिस | ५००।०० | |
| १८ | अपाङ्ग।प्रकोप पीडित।विरामी सिफारिस | नि शुल्क | |
| १९ | व्यवसाय दर्ता सिफारिस | ५००।०० | |
| २० | अविवाहित सिफारिस | ५००।०० | |
| २१ | शिक्षक तथा कर्मचारी अन्यन्त्र जिल्ला सरुवा | ५००।०० | |

| | | | |
|---|---|---|---|
| | सिफारिस | | |
| २२ | आमा समुह तथा क्लब दर्ता/नविकरण सिफारिस दस्तुर | ५००।०० | |
| २३ | माथि वाहेकका अन्य सिफारिसमा | ५००।०० | |

## अनुसूची १०
## पर्यटन प्रवेश शुल्क

| क्र.सं. | करको आधार | दर | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.३ पर्यटन व्यवस्थापन समिति ग्रामिण पर्यटन घलेगाँउ | रु. १०,०००।०० | वार्षिक |
| २ | वडा नं. ३ गुरुङ् संग्राहालय | रु. ३०००।०० | वार्षिक |
| ३ | वडा नं. ४ भुजुङ् सामुदायिक होमस्टे पर्यटन समिति | रु. ७,०००।०० | वार्षिक |
| ४ | वडा नं. ६ पसगाउँ सामुदायिक होमस्टे | रु. ५०००।०० | वार्षिक |
| ५ | वडा नं.१ रापासिङ सामुदायिक होमस्टे | रु.३०००।०० | वार्षिक |
| ६ | वडा नं १ नजरे सामुदायिक होमस्टे | रु.३०००।०० | वार्षिक |
| ७ | वडा नं २ मालिङ सामुदायिक होमस्टे | रु.४०००।०० | वार्षिक |
| ८ | वडा नं ५ सिङ्दी सामुदायिक होमस्टे | रु.३०००।०० | वार्षिक |
| ९ | वडा नं ८ घाम्राङ सामुदायिक होमस्टे | रु.४०००।०० | वार्षिक |
| १० | वडा नं ९ गिलुङ सामुदायिक होमस्टे | रु.५०००।०० | वार्षिक |

## अनुसूची ११

## दहत्तर बहत्तर

| |
|---|
| स्थानिय तहमा उपलब्ध ढुंगा, गिट्टी, बालुवा तथा अन्य नदिजन्य बस्तुहरु वातावरणिय प्रभाव मूल्यांकन उत्खनन गरि सरकारले तोके बमोजिमको दामा निकासी गर्ने। |